**अर्जुनधारा नगरपालिका**
**नगर सभाको दशौं नियमित अधिवेशन**

**बैठक संख्याः ५** **मितिः २०७८/१०/०९**

अर्जुनधारा नगरपालिकाको नगर सभाको दशौं नियमित अधिवेशनमा पेश भएको निम्न बमोजिम विधेयक तथा प्रस्तावहरु सभाध्यक्षज्यूबाट सभाको बैठकमा निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा पारित भएको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा (८) बमोजिम प्रमाणित गर्दछु ।

१. अर्जुनधारा नगरपालिकाको न्यायिक समिति कार्यविधि विधेयक, २०७८ सर्वसम्मत रुपमा पारित गरियो ।
२. अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७८ सर्वसम्मत रुपमा पारित गरियो ।
३. अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा अनुसुचि (१) बमोजिमको संशोधन तथा रकमान्तर गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।
४. अर्जुनधारा नगरपालिकाको कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा सम्बन्धि विधेयक,२०७८ सर्वसम्मत रुपमा पारित गरियो ।
५. आर्थिक वर्ष २०७५/०७६ को अर्जुनधारा नगरपालिकाबाट बन्दोवस्त गरिएको नदीजन्य पदार्थको ठेक्काबाट प्राप्त हुने आय सम्मानित अदालतमा विचाराधिन मुद्दाका कारण रोक्कामा रहेकोमा उक्त मुद्दाको फैसला भई उक्त रकम फुकुवा भएपश्चात उक्त रकमलाई निम्न बमोजिम आयोजनामा खर्च गर्नका लागि नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।
   क. कुल रकमको ५० प्रतिशत रकमबाट बिरिङ्ग खोलामा चेक ड्याम निर्माण ।यस आयोजना सञ्चालनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा छिमेकी बुद्धशान्ति गाउँपालिकासँग लागत साझेदारी गर्न समन्वय गर्ने ।
   ख. बाँकी रकम आवश्यक तथा औचित्यका आधारमा नगर कार्यपालिकाले निर्णय गरी छनौट गरेको आयोजनामा विनियोजन गर्ने ।
६. अर्जुनधारा नगरपालिका ६ र ९ नं वडा कार्यालय भवन निर्माणका लागि विनियोजित बजेटबाट भवन निर्माण सम्पन्न नभएको सम्बन्धमा प्राप्त निवेदन बमोजिम आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| वडा नं ३ को अध्यक्ष | सदस्य |
| पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| सम्बन्धित साइट इन्चार्ज | सदस्य |

उपर्युक्त बमोजिम समितिले १५ दिन भित्र आवश्यक अध्ययन गरी प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने र प्राप्त प्रतिवेदन बमोजिम नगर कार्यपालिकालाई आवश्यक निर्णय गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

७. अर्जुनधारा नगरपालिकालाई विगतमा तथा स्थानीय तह स्थापना भए पश्चात वडा कार्यालय, स्वास्थ्य चौकी, बजार व्यवस्थापन लगायतको प्रयोजनका लागि निःशुल्क रुपमा जग्गा उपलब्ध गराउने जग्गादाताहरुलाई नगर सभाको तर्फबाट हार्दिक सम्मान अर्पण गर्दै सबै जग्गादाताहरुलाई सबै वडामा कार्यक्रम गरी सम्मान अर्पण गर्न र जग्गादाताहरुको विवरण सहितको शिलालेख सम्बन्धित कार्यालयमा टाँस गर्ने गरियो ।

८. चालु आर्थिक वर्ष २०७८/०७९ का लागि नवौं नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत कुनै कार्यक्रम सञ्चालन हुन नसक्ने देखिई रकमान्तर तथा संशोधन गर्नुपर्ने देखिएमा वडास्तरीय कार्यक्रमको हकमा वडा समितिको एवं विषयगत शाखाका कार्यक्रमको हकमा विषयगत समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गरी संशोधन गर्न अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै, नगर कार्यपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को विभिन्न मितिमा बसेको बैठकबाट संशोधन भएका निर्णयहरु अनुमोदन गर्न नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

९. कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिरहेको सन्दर्भमा संक्रमण रोकथाम पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धि कार्यका लागि प्रकोप व्यवस्थापन कोषमा हाल विनियोजित बजेट अपुग हुने देखिएमा उपयुक्त शीर्षकबाट प्रकोप व्यवस्थापन कोषमा बजेट रकमान्तर गरी आवश्यक पूर्व तयारी र प्रतिकार्य सम्बन्धि कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (४) बमोजिम नगर कार्यपालिको कार्यालय तथा वडा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

११. महालेखा परीक्षकको कार्यालयबाट यस नगरपालिकाको अन्तिम लेखा परीक्षण हुँदा औंल्याइएका बेरुजुहरु उपर छलफल गरी नियमित गर्नुपर्ने बेरुजुहरुको हकमा नगर सभामा छलफल गरी नियमित गर्न अर्थ तथा सार्वजनिक लेखा समितिबाट निर्णय भई आएका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१२. यस अर्जुनधारा नगरपालिकामा रहेका भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धिक कार्य सम्पन्न भई प्राप्त लगत अनुसार जग्गा नापजाँचको चरणमा पुगेको अवस्थामा सो सम्बन्धि कार्य स्थगित रहेको र यस अर्जुनधारा नगरपालिकामा जग्गाको नापनक्सा

व्यवस्थित गर्न सरपट नापी समेत गराउनु आवश्यक रहेकाले जग्गा नाँपजाँचका लागि आवश्यक पर्ने नियन्त्रण विन्दू स्थापना तथा सरपट नापी व्यवस्थापनका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने खर्च नगरपालिकाको उपयुक्त बजेट खर्च शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

१३. अर्जुनधारा नगरपालिकामा रहेका अव्यवस्थित बसोवासीहरुको भूमी सम्बन्धि समस्या समाधान गर्नका लागि संकलन गरिएको विवरण बमोजिम नेपाल भरी नम्बरी जग्गा नभएका तथा १० कठ्ठा भन्दा कम जग्गा प्राप्त गर्ने अव्यवस्थित बसोवासीहरुले नेपाल सरकारबाट भूमी प्राप्त गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण राजश्व रकम नगरपालिकाको तर्फबाट व्यहोर्ने र सो कार्यका लागि आवश्यक पर्ने बजेट यस नगर सभाबाट संशोधित चालु आर्थिक वर्षको स्वीकृत बजेटबाट व्यवस्था गर्ने निर्णय गरियो ।

१४. अर्जुनधारा नगरपालिका स्थापना भएपश्चात नेपाल सरकार, प्रदेश सरकार लगायत स्थानीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, राष्ट्रसेवक शिक्षक तथा कर्मचारीहरु , उद्योगी, व्यवसायी, किसान, मजदुर, प्राध्यापक, युवा तथा विद्यार्थीहरु एवं आ-आफ्नो क्षेत्रबाट रचनात्मक ढंगले सहयोग पुर्याई जनप्रतिनिधिहरुको पहिलो कार्यकाललाई सफल बनाउनुहुने सबैमा यो नगर सभा हार्दिक धन्यवाद अर्पण गर्दछ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को प्रकोप नियन्त्रणका लागि अग्रपङ्तिमा खटिनुहुने स्वास्थ्यकर्मीहरु महामारीसँग जुध्नका लागि देश विदेशबाट स्वास्थ्य सामाग्री तथा राहत सामाग्री सहयोग गर्नुहुने सबै दाताहरुमा यो नगर सभाको बैठक हार्दिक धन्यवाद अर्पण गर्दछ ।

१५. कोभिड १९ को विश्वव्यापी महामारीका कारण मृत्युहुने सबै व्यक्तिहरु, विभिन्न कारणले असामयिक निधन हुनु भएका जनप्रतिनिधि तथा कर्मचारी , शिक्षक एवं तिनका परिवारका सदस्यहरु गहिरो श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

प्रमाणित गर्नेः दस्तखत
हरिकुमार राना
नगर प्रमुख